# “हाम्रो सुर्नया हाम्रो शान, समृद्ध सुर्नया हाम्रो अभियान”

# आर्थिक वर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रौलेश्वर, बैतडी
## सुदूरपश्चिम प्रदेश नेपाल

२०७९असार १० गते ।

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

सुर्नया गाउँपालिकाका उपाध्यक्ष श्री मञ्जु महरा बोहरा ज्युले मिती २०७९ असार १० गते गाउँ सभामा प्रस्तुत गर्नु भएको सुर्नया सरकारको **आ.व.२०७९।०८० को निति तथा कार्यक्रम ।**

**<u>यस गरिमामय सभाका सभाध्यक्ष ज्यु, एवम् सभाका सम्मानित सदस्य ज्युहरु , उपस्थित राष्ट्रसेवक कर्मचारी, स्थानिय राजनितीक दलका  प्रतिनिधी ज्युहरु तथा पत्रकार मित्रहरु ।</u>**

सर्वप्रथम म नेपालमा बिभिन्न समयमा नेपालको स्वभिमानका निमित्त भएका जनसंघर्ष एवम् लोकतान्त्रिक आन्दोलनहरुमा साहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात बीर शहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । संघर्षको दौरानमा बेपत्ता हुनु भएका बिर योद्धा र पिडित परिवार प्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु । साथै नेपाली समाज लाई अग्रगामि परिवर्तनको मार्गमा ल्याउन बिविध क्षेत्र बाट योगदान पुऱ्यान हुने आदरणीय अग्रज योद्धाहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

नेपालको सार्वाभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली सामाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योदानको पुनः स्मरण गर्न चाहन्छु ।

नेपालको संविधानले नेपालमा स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकारको परिकल्पना गरेको र सोहि अनुसार स्थानिय तहलाई स्थानिय सरकारको रुपमा संबिधानले परिकल्पना गरे संगै स्थानिय तहमा केन्द्रमा जस्तै कार्यपालिका, व्यवस्थापिका, तथा न्यायापालिका संम्बन्धी संबैधानिक ब्यवस्था रहनुका साथै स्थानीय तहको कार्यमा प्रभावकारिता र पारदर्शिता को निमित्त शक्ति पृथकिकरण तथा शक्ति सन्तुलन पनि रहेको ब्यहोरा यहाँहरुलाई अवगत नै छ । सुर्नया गाउँपालिकाका स्थानिय सरकारको रुपमा स्थापित भैसकेको अवस्थामा यस पालिका भित्रमा बसोबास गर्ने हरेक नागरिकको जनसरोकारका सवालहरुमा यस स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाहरुमा कुनै आग्रह पुर्वाग्रह नराखि  हामी सबै जनताको सेवामा समर्पित हुने प्रण व्यक्त गर्दछु ।

**गाउँ सभाका सभाध्यक्ष ज्यू तथा  सम्मानित सदस्य ज्यूहरु :**

नेपालको संबिधान युगान्तकारी परिवर्तनको दस्ताबेज हो । संबिधान जारि भएसंगै मुलुक नयाँ युगमा प्रबेश भएको छ , संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ । अब समाजको समग्र परिवर्तनको लागि गरिने संघर्षको रुप बदलिएको छ । सामाजिक सत्रुका रुपमा रहेको भोग, रोग, शोक एवं गरिबि पछौटेपन र अशिक्षा बेरोजगारिका बिरुद्ध केन्द्रित सामाजिक न्याय सहितको समाबेसी आर्थिक बिकाशका माध्यम बाट समृद्धि हासिल गर्दै अघि वढ्ने कुरा यस सुर्नया गाउँपालिकाको अवको मार्ग चित्र हुनेछ ।

**गाउँ सभाका सभाध्यक्ष ज्यू तथा  सम्मानित सदस्य ज्यूहरु :**

अब म यस सुर्नया गाउँपालिकाको आगामी आर्थिक बर्ष **२०७९।०८०** का लागि गाउँ कार्यपालिका बाट सर्वसम्मत रुपमा पारित भई गाउँ सभा मा पेश हुन आएको नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न चाहन्छु । संघिय

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम

# सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारि भएको गाउँपालिकाको निति तथा कार्यक्रम तयारी को ढाँचाहरुलाई अनुसरण गरि यस गाउँपालिकाको बार्षिक निति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र निति तथा बिषयहरुलाई आधारको रुपमा लिएको छु ।

**तपशिल :**

- नेपालको संबिधानमा ब्यवस्था भएका निति , मार्गदर्शक सिद्धान्त , मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखनिय स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका बिषयहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ।
- नेपाल सरकारको आ.व.**२०७९।०८०** को निति तथा कार्यक्रमका आधारमा ।
- सुदुरपश्चिम प्रदेश सरकार को **२०७९।०८०** निति तथा कार्यक्रमका आधारमा ।
- सुर्नया गाउँपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरु ।
- स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको नितिगत ब्यवस्था ।

अव म यस सुर्नया गाउँपालिकाको अगामी वर्षमा अवलम्वन गरिने निति तथा कार्यक्रम यस सम्मानित गाउँ सभा समक्ष पेश गर्ने अनुमती चाहान्छु ।

## १.आर्थिक क्षेत्र तर्फ :

### क) कृषि :

- ✓ सुर्नया गाउँपालिकाको सम्भाव्यता भएका कृषि पकेट क्षेत्रहरुमा उत्पादन भएका कृषि उपजहरुलाई गाउँपालिका स्तरीय ***"उपज खरिद तथा संकलन केन्द्र"*** स्थापना गरि कृषकहरुले उत्पादन गरेका वस्तुहरु सहकारी /समुहहरुको माध्यमद्धारा खरिद गर्ने नीति अवलम्वन गरिनेछ ।
- ✓ कृषि पेशालाई सम्मानित तथा आय आर्जज मुलक पेशाको रुपमा विकास गर्न संचालन गरेका नमूना कृषि फर्म तथा पशु फर्म हरुलाई **"कृषि आधुनिकरणका लागि युवा रोजगार ,आर्थिक समृद्धिका लागि** सुर्नया **सरकार"** भन्ने कार्यक्रम संचालन गरिनेछ ।
- ✓ किसानको क्षमता अभिबृद्धीका लागि बिशेष किसिमका कार्यक्रम आयोजना गर्ने निति अबलम्बन गरिने छ । रैथाने खाद्यान बालि प्रोत्साहन सम्वन्धि कार्यक्रम अन्तरगत **कृषि पकेट क्षेत्र कार्यक्रम संचालन** अन्तरगत यस क्षेत्रको उत्पादन हुने कोदो, कागुनो, मकै, कालो भट्मास लगायत उत्पादन प्रवद्धन कार्यक्रम ल्याइनेछ ।
- ✓ पशु पालन, घाँस खेती, गोठ सुधार, पशु मुत्र संकलन, मल खाद व्यवस्थापन, झोल मल उत्पादन, वानस्पतिक विषादी उत्पादन तथा प्रयोग, जैविक विषादीको प्रयोग, सूक्ष्म जौविक मल आदिवाट माटोको उर्वरापन कायम गरिनेछ । स्थानीय प्रजातिका बालीहरुको विउ उत्पादन संरक्षण तथा प्रयोगमा वृद्धि गरिनेछ । अन्न भण्डारण पूर्वाधारमा लगानी वढाई भण्डारणमा हुने क्षति न्यूनीकरण गरिनेछ ।
- ✓ **"परिवर्तित कृषि प्रणाली, मौसम सुहाउदो खेति, माटो सुहाउदो उत्पादन, उत्पादन अनुसारको बजार"** भन्ने नारा सहित अनुत्पादक कृषि क्षेत्रलाई आधुनीकिकरण, प्रविधियुक्त एवं व्यवसायिकरण गर्न

सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को निति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

गाउँपालिका स्तरीय र समुदायमा आधारित सम्भाव्य स्थान पहिचान गरि खाद्यान्न तथा तरकारीका उन्नत जातहरुको खेती गर्न प्रोत्साहन गरिनेछ ।

- ✓ कृषि उत्पादन अभिवृद्धि गरि उत्पादनको भण्डारण (शितगृह) र वजारीकरण को व्यवस्थापनका लागि उच्च महत्व साथ राखिने छ ।
- ✓ **"हरियाली स्वच्छता** सुर्नया गाउँपालिकाको **प्रतिवद्धता"** भन्ने मुल नाराका साथ यस गाउँपालिकामा "**एक घर पाँच फलफुलको वोट**" अनिवार्य वृक्षारोपण अभियान लाई निरन्तरता दिइनेछ ।
- ✓ कृषकहरु लाई बालि तथा पशु बिमा तर्फ उन्मुख हुने निति अबलम्वन गरिने छ ।
- ✓ कृषिको व्यवसायीकरण, यान्त्रिकरण र मूख्य श्रृङ्खला विस्तार गरी कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारभूत रुपमा विकसित गर्दै कृषिको उत्पादन वृद्धि गर्ने निति अवलम्वन गरिने छ। साथै व्यवसायिक गाई भैसि फर्म , बाखा फर्म , कुखुरा फर्म , बिकास र बिस्तारका लागि उत्पादनमा आधारित अनुदान दिने नीति अवलम्वन गरिनेछ ।
- ✓ कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल, बिउ, कीटनाशक औषधीको उपलब्धता, उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्धन गर्न आवश्यक बजेत व्यवस्था गर्ने ।
- ✓ स्थानीय तहभित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकुलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजीकरण गर्ने । यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गर्न सकिने ।
- ✓ स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम बजेट व्यवस्था गर्ने ।
- ✓ **"कृषिमा युवालाई रोजगार सुर्नया गाउँपालिकाको नौलो उपहार"** कार्यक्रम मार्फत यस क्षेत्रका पर्याप्त मात्रमा रहेको वाँजो जमिनकमा वहुआयमक कृषि फर्मको माध्यम वाट रोजगारी सिर्जना आयामिक गर्ने र युवाहरुलाई रोजगार दिने नीतिको अवलम्वन गरिनेछ ।
- ✓ साना तथा मझौला कृषक लाई आधुनिक कृषि व्यवसायमा उत्प्रेरित गर्न अनुदानका कार्यक्रम लाई व्यवस्थित गरिने छ ।
- ✓ स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।
- ✓ प्रत्येक वडामा उत्पादन सम्भाव्यताको आधारमा प्राविधिक रुपले उपयुक्त बाली तथा पशु बस्तुको व्यवसायिक उत्पादन गर्न बाली विषेश पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ कृषकहरुको लागि बीउ सबभन्दा महत्वपूर्ण भएकाले विउ उत्पादन, प्रशोधन,भण्डारण तथा वितरण कार्य लाई सहज तथा सुलभ बनाउन सामुदायिक विउ बैंक स्थापना एवं सञ्चालनका लागी आवश्यक कार्यक्रम सञ्चालन गरीने छ  जसका लागी प्रदेश सरकार तथा नेपाल सरकारको सहयोग समेत माग गरीने छ।

सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ यस गाउँपालिकाको विभिन्न क्षेत्रका कृषकहरुको आलु विउमा आत्मनिर्भरताको लागी कोल्डस्टोर सम्म आलु विउ ढुवानी तथा कोल्ड स्टोरको भाडा मा अनुदान समेत दिईने छ ।
- ✓ पशुपालनमा व्यवसायिकरण एवं विविधिकरणमा जोड दिई आय आर्जन तथा रोजगारीका अवसर सिर्जना गर्ने ।
- ✓ कृषि  तथा पशु विमा कार्यक्रमको लागी आवश्यक व्यवस्थापन गरीनेछ ।
- ✓ कृषकहरु लाई बाली संरक्षण सेवा प्रदान गर्न आकस्मिक बाली संरक्षण सेवा प्रदान गरीने छ ।
- ✓ ४ रोपनि भन्दा बढी जग्गामा चाक्लाबन्दी गरी व्यवसयिक तरकारी तथा फलफुलबाली उत्पादन गर्ने कृषक,कृषि,नर्सरि फर्म उत्पादनका आधारमा विशेष अनुदानको व्यवस्था गरीने छ।
- ✓ घांस, फलफूल  तथा तरकारी का विरुवाहरुको नर्सरी स्थापना गरी श्रोतकेन्द्रको रुपमा विकास गर्न आवश्यक कार्यक्रम लागु गरीनेछन ।
- ✓ पालिका क्षेत्रभित्रै रोजगारीको सिर्जना गर्न विदेशबाट फर्केका युवा हरुको लागी य'वा स्वरोजगार कार्यक्रम सञ्चालन गरीने छ ।
- ✓ जगंलि जिव जन्तु एवं जनावरबाट वालि सरंक्षण गर्ने किसमका प्रविधिको खोज अनुसन्धान गर्न प्रोत्साहन गरि उचित बालिको खेति गर्ने वातावरण सिर्जना मा जोड दिने
- ✓ कृषकहरुको आयआर्जन गर्न स्थान विशेस उपयूक्त जडिबुटी खेतिमा जोड दिने ।
- ✓ बालिमा विमा र पशु बिमा को व्यवस्था गरिनेछ  ।
- ✓ युवा वेरोजगारहरुको लागि सहुलियत कृषि कर्जा प्रवाह  गर्ने व्यवस्था  मिलाइनेछ ।
- ✓ आधुनिक कृषि प्रविधिको बारेमा कृषकहरु लाई सुसुचित एवं.उत्प्ररित गर्न कृषि पाठशाला सञ्चालन,स्थलगत ,वडास्तरीय तथा गाउँ स्तरीय कृषक तालिम को व्यवस्था र कृषि प्रसारमा स्रव्य दृश्य सामाग्रीहरु प्रकाशन प्रसारण गरी कृषि प्रविधि प्रसार गरीनेछ ।
- ✓ गाउँपालिका अन्तरगतका कृषकहरुको पहिचान र वर्गीकरण गरी कृषक दर्ता कार्यक्रम सञ्चाललन गरीने छ ।
- ✓ एकीकृत कृषि विकास कार्यक्रम अन्तरगत सम्भाव्यताका आधारमा बालीविकास ,बागवानि विकास ,बाली संरक्षण तथा बेमौसमी खेती कार्यक्रम ससक्तसचांलन गरीने छ ।
- ✓ कृषी व्यवसाय मा सर्वोत्तम कार्य गर्ने कृषकहरुलाई सम्मान गरिनेछ ।
- ✓ एक वार्ड एक उत्पादन तथा सेमाउल उनदोङ (नयाँ कृषि  गाउँ अभियान) कार्यक्रम अनुसरण  गर्ने निति अवलम्बन गरिनेछ ।
- ✓ माटोको  स्वास्थ्य रक्षा गर्न उत्पादत्वक  बढाउन  र माटोको  यथार्त अवस्थाको  बैज्ञानिक सूचना, आधुनिक प्रवृतिको  माध्यमबाट किसानले  पाउने  व्यवस्था  मिलाईनेछ। पालिका भित्रको  माटो  जाँच गरि  डिजिटर soil profile निर्माणका  लागि  पहल  गरिनेछ ।
- ✓ उच्च  मुल्यका  खाद्यान्न, फलफुल, जडिबुटी, चिया,  कफि, अदुवा, लसुन,  रेशम  खेती, अल्लो, ढटेलो, पुष्प, काठ आदि  लगायत  उच्च  मूल्य वस्तुहरुको उत्पादन,  प्रशोधन, निर्यात गर्ने  निति अवलम्बन  गरिनेछ ।
- ✓ कृषि सहकारी  कृषि समुहका  माध्यमबाट व्यवसायिक कृषिको विकास गर्न उत्पादक र उपभोक्ताको हित संरक्षण गर्दै  वितरणमा विचौलियाको बर्चोत्स अन्य गर्ने निति ल्याइनेछ ।

सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ खाद्य सुरक्षाको प्रत्याभुति गर्न, पालिका स्तरमा खाद्य बैकं स्थापना गर्न पहल गरिनेछ ।
- ✓ अनुभवमा आधारीत खेती प्रणालीलाई ज्ञान र प्रविधिमा आधारित खेति प्रणालीको रुपमा विकास गर्दै लगिनेछ ।
- ✓ अर्गानिक खेतीको विकाश गर्न प्रङ्गारिक मल, जैविक विषाधीको उत्पादन र प्रयोग गर्ने साथै रैथाने विउहरुको संरक्षण र विकाश गरिदै लगिनेछ ।
- ✓ विगतमा गरिवि निवारण कोष बाट संञ्चालित सामुदायिक संघ संस्थाहरुलाई कृषि सहकारीकरण गर्दै पालिका स्तरिय सहकारी बैंक स्थापनाका लागि पहल गरिनेछ । साथै ति संस्थाहरु संग भएको पुँजीलाई व्यवसायिक कृषि उत्पादनमा परिचालन गर्न उत्प्रेरित गरिनेछ ।
- ✓ कृषिलाई पर्यटन संग जोडने निति अनुरुप स्थनीय खाद्यय परिकारको प्रचारप्रसार गर्न ठाउँ विशेष अनुसार सामुदायिक कृषि होम स्टे (घर बास) कार्यक्रम सञ्चालन गर्न स्थानिय वासिलाई प्रोत्साहित गरिनेछ ।
- ✓ स्थानिय कृषि उपजको प्रचारप्रसारको गर्न तथा बजारिकरण गर्न पालिका मुख्य मुख्य स्थानहरुमा कृषि कोषेली घर स्थापना तथा सञ्चालन गर्नका लागि किसानहरुलाई प्रोत्साहित गरिनेछ ।
- ✓ गरिव किसानलाई लक्षित गरि पृथ्वी राज गरिव किसान राहत कोष स्थापना गरिनेछ र प्रत्येक वर्ष कृषि विधामा उत्कृष्ट किसानहरुलाई पुरस्कृत गरनेछ ।
- ✓ किसान संग सञ्चार भन्ने नारालाई अवलम्बन गर्दै कृषि मिडिया साझेदारी कार्यक्रम अवलम्बन गरिनेछ ।

**(ख) पशु :**

- ✓ .प्रत्येक चौमासिकमा प्रत्येक वडामा भेटेरीनेरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र संग समन्वय गरी बिशेषज्ञ सहितको घुम्ति पशु स्वास्थ्य सिबिर कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ आकस्मिक संक्रामक रोगहरु नियन्त्रण तथा माहामारि नियन्त्रणको लागि आवश्यक रकमको व्यवस्था गरिने छ ।
- ✓ .पटक पटक बिभिन्न स्थानमा कुकुरहरुमा रेबिज रोगको प्रकोप देखिने गरेकोले रेबिज रोग नियन्त्रणको लागि बाह्रै महिना भरी खोपको उपलब्धता हुने गरि ब्यवस्था गरिनेछ । र समय समयमा रेबिज खोप शिबिर सञ्चालन गरीने छ ।
- ✓ .रोग लागिसकेपछि उपचार गर्नुभन्दा रोग लाग्नु नै नदिनु बुद्धिमानि भन्ने हेतु अनुसार भेटेरीनेरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र को सहयोगमा बाखमा माहामारि रुपमा देखिने P.P.R. रोग बिरुद्ध पालिका भरी निसुल्क खोप सिबिर सञ्चालन गरिनेछ ।
- ✓ वटै वडाको पशु उपचार केन्द्रको पहुच कम पुगेको ठाउँमा प्रत्येक महिनाको १ दिन पशु स्वास्थ्य गाउँघर किल्लनिक सेवा सुचारु को लागि पहल गरिने छ । उक्त गाउँघर किल्लनिकमा बन्ध्याकरयण सेवा, पशु पंक्षि हरुको चेकजाच तथा उपचार सेवा ,परजिबि नियन्त्रण र प्राबिधिक सल्लाह सुझाव सहितको सेवा प्रदान गरिने छ ।

सुर्नया गाउँपालिका कार्यपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

**सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :**

- ✓ सुर्नया गाउँपालीका र भेटेरीनेरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र बैतडी को सहकार्यमा पशु सेवा साखा अन्तरर्गत कार्यरत सहायक स्तर कर्मचारि हरुको क्षमता अभिबृभि गर्न बिभिन्न सहायक स्तर तालिममा सहभागि हुने अवसर प्रदान गराइने छ ।
- ✓ पशु स्वास्थ्य सेवा लाई सर्वशुलभ तथा बिस्तार गर्न प्रत्येक वडामा एक वडा एक पशु सेवा प्राबिधिक हुने गरी पशु सेवा प्राबिधिक थप भर्ना गरिने छ ।
- ✓ प्रत्येक चौमासिकमा कृषक हरुको क्षमता अभिबृधि गर्न स्थलगत तालिम र पालिका स्तरीय तालिम सञ्चालन गरिने छ । र क्षेत्र स्तरिय तालिम को लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञकेन्द्र संग समन्वय गरी अगुवा तथा नमुना कृषक हरु मध्ये बाट छनौट गरी पशु सेवा तालिम केन्द्र धनगडी कैलालि लाइ सिफारीस गरीने छ ।
- ✓ भेटेरीनेरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र बैतडी र सुर्नया गाउँपालीकाको साझेदारीमा कम्तिमा ४ माशु पशल र ४ डेरी पशल सुधार कार्यक्रम सञ्चालन गरीने छ ।
- ✓ ब्यावसायिक पशु पालक कृषक हरुलाई उत्तपादन प्रतिस्प्रधाको आधारमा,उत्तपादित पशु संङ्ख्याको आधारमा,ब्यावसाय दिगोपना को आधारमा तुलना गरी उत्तकिष्ट कृषक हरुलाई प्रोतसाहान स्वरुप अनुदान रकम दिने ब्यवस्था मिलाइने छ ।
- ✓ पशु हरुको नस्ल सुधारको लागि कृत्रिम र प्राकृतिक प्रजन्न् दुबै बिधि अबलम्बन गरिनेछ कृत्रिम प्रजन्न्को बिधिको लागि कृत्रिम गर्भाधान बिधि A.I. कार्यक्रम सञ्चालन गरिने छ । भने प्राकृतिक गर्भाधानको लागि उत्तकृष्ट समुह तथा फर्म लाई छनोट गरि उन्नत नस्लका बोका,साढे, रागा बितरण गरिनेछ ।
- ✓ .स्थानिय जातका पशु पंक्षि हरुलाइ प्रवर्द्धन गर्ने नितिलाइ अवलम्बद गरिनेछ । पालिका भरिमध्ये ८ जना उत्तकृष्ट कृषकहरु छनौट गरि औपचारीक कार्यक्रमका साथ सम्मान गरिने छ ।
- ✓ स्थानिय सम्भाव्यताका आधारमा मत्सय पालन व्यवसायिहरुलाई विषेश अनुदानको व्यवस्था गरिनेछ ।
- ✓ सुर्नयाको सम्पतिको रुपमा रहेको सुर्नया खोलालाई बहुआयमिक रुपमा उपयोग गर्दै ऐन, कानुनको परिधिभित्र रहि सुर्नया बहुउद्धेश्यीय प्रयोजना सञ्चालनको लागि विषेश पहल गरिनेछ ।

**२.पूर्वाधार तर्फ :**

**क) सडक :**

- ✓ सतवाज श्रीभावर सडक खण्ड जोडि स्तरोन्नतीमा जोड दिइनेछ ।
- ✓ सडक संजाल विस्तार तथा व्यवस्थापनका लागि गाउँ पालिकाको केन्द्र देखि प्रत्येक वडा केन्द्र सम्म सहजै आवत जावत गर्न सडक बिस्तार लाई निरन्तरता दिईने छ भने एक वडा बाट अर्को वडाको वडा केन्द्र सम्म जोड्ने सडकलाई प्राथकिकताका साथ **"सडक यातायातमा जनताको पहुँच "** भन्ने नारालाई कार्यान्वयन गराइने छ ।
- ✓ नियमित रुपमा यातायात सुचारु भएका सडकहरु को स्तरोउन्तिका लागि आवस्यक नीति अवलम्वन गरिनेछ ।
- ✓ पालिकाका मूख्य सडक , एक वडा वाट अर्को वडा जोड्ने, स्थानीय तह जोड्ने र पर्यटन संग आवद्ध सडक सन्जालको विस्तारमा जोड दिइनेछ । साथै हरित सडक अवधारण अगाडि बढाइनेछ ।

सुर्नया गाउँपालिका गाँउकार्यपालिकाको आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ सडक सरसफाई तथा मर्मत संभारका लागि **सडक मर्मत संम्भार कोष** स्थापना गरिने छ ।
- ✓ सडक सुधार एवं मर्मतका लागि सडक श्रमिक राख्ने निति व्यवस्था गरिने छ ।

### ख) सिचाई :

- ✓ खाद्य वस्तुको आपुर्ति गर्नका लागि जमिनको उत्पादकत्व  र लाभान्वित जनसंख्याको आधारमा सिचाई आयोजनाहरु नियमित संचालन गरिनेछन् ।
- ✓ कृषिमा युवा लाई आकर्षण लागि खेति योग्य जमिनमा सिचाइ को पहुच पुर्याउने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- ✓ कृषि योग्य सिचित जमिनमा सिचाईको प्रवन्धका लागि आवस्यक सिचाई योजनाहरु संचालन गरिनेछन ।
- ✓ कम लागतमा बढि फाईदा हुने आधुनिक सिचाई विधिमा जोड दिइनेछ ।
- ✓ पानीका मुहानहरुको संरक्षण गर्न  रिचार्जएवल पोखरीको  अवधारणा अगाडी बढाइनेछ ।

### ग) खानेपानी तथा सरसफाई :

नेपाल सरकारको आगामी पाचँ वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा  विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

- ✓ खानेपानी तथा सरसफाइ अन्तरगत एक घर एक धाराको नीति लाई निरन्तरता दिईनेछ ।
- ✓ सुर्नया गाउँपालिका तथा वडा स्तरमा पुर्ण सरसफाइ अभियान गरिनेछ ।
- ✓ गाउँपालिका मुख्य बजार हरुमा फोहर व्यवस्थापनको लागि बजार व्यवस्थापन समितिलाई कृयासिल बनाई सफा अनि सुन्दर बजार को नीति अबलम्बन गरिने छ ।
- ✓ डिबोरिङ्ग र लिफ्टिङ्ग प्रबिधि लाई जोड दिई जनताको घर घरमा सुरक्षित खानेपानी उपलबध गराईने निती लाई अबलम्बल गरिने छ ।
- ✓ महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्ने व्यवस्था मिलाईने छ ।
- ✓ सार्वजनिक बजार स्थानमा सार्वजनिम सौचालयको व्यवस्थापन गर्न पहल गरिने छ ।

### घ) भवन तथा शहरी विकास :

- ✓ सुर्नया गाउँपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गर्न आवश्यक पहल गरिने छ ।
- ✓ स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।

सुर्नया गाउँ कार्यपालिकाको वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

- ✓ सार्वजनीक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाइ निरुत्साहित गर्न अतिक्रण लाई रोक लगाउने निती अवलम्बन गरीने छ ।
- ✓ **"एक भवन पाँच विरुवा**" रोपी हरित सुर्नया (Green Surnaya) मा जोड दिइने छ ।
- ✓ निर्माण सामाग्री थुपारी सडक असुरक्षा बढाउने लाई कानुनी कारवाहीका दायरामा ल्याइने छ ।

**ङ) उर्जा/वैकल्पिक उर्जा कार्यक्रम :**

- ✓ **"उज्यालो सुर्नया"** कार्यक्रम मार्फत यस गाउँपालिकामा विद्युत विस्तार गर्न वाकि रहेका क्षेत्रमा विद्युतिकरण गरि अन्धकारमुक्त पालिका गर्ने कार्यक्रम लाई निरन्तरता दिइनेछ। साथै वैकल्पिक उर्जाको माध्यम वाट उज्यालो कार्यक्रम संचालन गरिनेछ ।
- ✓ **गाउँपालिका** भित्र रहेका नहरहरुमा लघु जलविधुत सम्भाव्यता अध्ययन गरिने छ , साथै सचांलनमा रहेकालाई व्यवस्थित गरिने छ ।

## ३) सामाजिक विकास तर्फ :

**क) शिक्षा**

- ✓ **"गुणस्तरिय शिक्षामा आधुनिक प्रबिधि र शैक्षिक पुर्वाधार, दक्ष तथा प्राविधिक जनशक्ति निर्माणको आधार"** भन्ने नाराका साथ शैक्षिक गुणस्तर सुधारका लागि आवस्यक नीति अवलम्वन गरिनेछ ।
- ✓ गुणस्तरिय शिक्षा प्रदान गर्न गराउन का लागि यस गाउँपालिका अन्तरगत रहेको सामुदायिक विद्यालयहरुमा अवलम्वन गरिएको **विद्यालयमा अभिभावक र कक्षा कोठामा शिक्षक विद्यार्थी कार्यक्रम** लाई निरन्तरता दिइनेछ ।
- ✓ एस ई ई मा गाउँपालिका भित्र टप तीन जनालाई ( एक जना छात्रा) समावेस हुने गरी उच्च शिक्षाका लागि छात्रवृत्ति दिईने कार्यक्रम लाई अधि बढाईने छ ।
- ✓ आठ कक्षामा उतकृष्टहुने लाई पुरस्कार दिने , हरेक स्कुल मा एक जना खेल शिक्षकको व्यवस्था गरिने गाउँपालिकामा एक जना खेल संयोजक राखिने ,खेल समानहरु जुटाउने कार्यक्रम लाई निरन्तरता दिईने ।
- ✓ कक्षा आठ र दस लाई लक्षित गरेर श्रृव्य दृष्य शैक्षिक सामाग्री उपलब्ध गराईने व्यवस्था गरिने छ ।
- ✓ विपद व्यवस्थापन का लागि आवश्यक प्रबन्धको व्यवस्था गरिनेछ ।
- ✓ अंगेजी माध्यमवाट पढाई संचालन गर्ने तयारमा रहेका विद्यालयहरुलाई अनुदान रकम, अनुगमन तथा मूल्याकंनको आधारमा थप उपलव्ध गराइनेछ । साथै अंग्रेजी माध्यमवाट पढाई संचालन गर्ने विद्यालयहरुलाई प्रोत्साहन गर्ने कार्यलाई कार्यान्वयनमा ल्याईने छ ।
- ✓ शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयहरुमा आवस्यक पर्ने भौतिक पूर्वाधार निर्माणको व्यवस्था मिलाइनेछ ।
- ✓ शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिकाले प्रधानाध्यापक हरु संग कार्य सम्पादन करार सम्झौता गरिने छ र करार सम्झौता बमोजिम काम गर्ने प्रधानाध्यापक लाई निश्चित प्रोत्साहन रकम दिईने छ ।
- ✓ सामुदायिक बिद्यालयहरुको शिक्षक बिद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरिने छ साथै बिद्यालय समायोजन एंवम एकिकरण कार्यक्रम कार्य बिधि बनाई बिद्यालयहरु समायोजन गरिने छन ।
- ✓ विधालयमा अनुशासन कायम गर्न शिक्षकहरुलाई सम्मान गरिने छ ।
- ✓ सृजनसिल एवं नैतिक शिक्षामा जोड दिने व्यवस्था मिलाईने छ ।

सुर्नया गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ बिद्यालय तहको सेवा प्रबाह लाई थप प्रभावकारी बनाउन र जवाफदेहिताको सुश्चिता गर्न बिद्यालयहरुको संचालन तथा कार्य सम्पादन स्थरको बार्षिक रुपमा कार्य सम्पादन परिक्षण गर्ने र कार्य सम्पादनमा आधारित व्यवस्थापन तथा लगानिको प्रावधान गरिने छ ।

- ✓ विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धिका साथै विद्यार्थीहरुको प्रविधि संग पहुँचका लागि ICT तथा, विज्ञान प्रयोगशालाको लागि पहल गरिनेछ ।
- ✓ विद्यालयमा छात्राहरुको नियमित उपस्थिति गराउन, स्वच्छ र सफा विद्यालय राख्नका लागि सेनेटरी प्याड खाल्ने **भ्यान्डिङ मेसिन** जडान गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।
- ✓ सार्वजनिक पद धारण गरेका राष्ट्र सेवक, कर्मचारी, जनप्रतिनिधि र राजनितिज्ञ जस्ता ब्यक्तिहरुका छोराछोरी हरुलाई सरकारी बिद्यालयमा भर्ना गर्न अभिप्रेरित गरिनेछ ।
- ✓ विद्यालयमा आधारित र समुदायमा आधारित बालबिकास कक्षाहरुको गुणस्तर अभिवृद्धि र पुनर्रसंरचनामा जोड दिइने छ । शिक्षामा पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकरी रुपमा कार्यान्वयनमा ल्याइने छ ।
- ✓ उत्कृष्ट , शिक्षक , बिद्यार्थी र अभिभाबक लाई सम्मान गर्ने निति अबलम्बन गरिनेछ ।
- ✓ गाउँपालिका स्तरिय हुने कक्षा ८ को परिक्षा लाई थप प्रभावकारी र व्यवस्थित रुपमा संचालन गरिनेछ । साथै परिक्षामा उत्कृट हुने विद्यार्थी र विद्यालयलाई पुरुस्कारको व्यवस्था समेत गरिनेछ ।
- ✓ राष्ट्रपति रनिङ्ग सिल्डलाई प्रभावकारी वनाउन गाउँपालिकामा एक जना प्रशिक्षकको व्यवस्था गरि प्रत्येक मा.वि.हरुका १ जना शिक्षकलाई खेल शिक्षकको रुपमा प्रशिक्षणको व्यवस्था मिलाई आवस्यक खेल तालिम तथा सामाग्रीहरु दिईने छ ।
- ✓ **"विद्यालय स्तरीय स्वास्थ्य सेवा कार्यक्रम"** सञ्चालन गरिने छ ।
- ✓ **प्रविधिमैत्री शिक्षामा** जोड दिइने छ जसका लागि प्रत्येक माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा क्रमसह विस्तार गरिने छ ।
- ✓ यस शैक्षिक सत्र भित्र पालिकाको भौगोलिक , शैक्षिक , ऐतिहासिक, धार्मिक , पर्यटक लगायका क्षेत्रहरु झल्कने गरि स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरि कार्यन्वयमा ल्याइनेछ ।
- ✓ प्राथमिक तह तथा अंग्रेजी माध्यमका विद्यालयका शिक्षकहरुको लागि मागमा आधारित तालिम संचालन गर्ने नीति लिइने छ ।
- ✓ सबैका लागि आधारभुत शिक्षा अनिबार्य र निशुल्क तथा माध्यमिक शिक्षा निशुल्क गर्नका लागी आबश्यक पहल गरिने छ ।
- ✓ बिद्यालय उमेर समूहका बालबालिका लाइ शिक्षाको मूल प्रवाहमा ल्याउनको लागी आबश्यक पहल गरिने छ ।
- ✓ बिद्यालयमा अभिभाबकहरुको सहभागीता र सकृयता बढाउन को लागी अभिभावक शिक्षा संचालन गर्न पहल गरिने छ ।
- ✓ सामुदायिक बिदालयहरुको खानेपानी सरसफाई तथा स्वछताको अवस्था लाई सुधार गरिने छ ।
- ✓ टुहुरा बालबालिकाहरुको लगत सकंलन गरि शिक्षा आर्जन गर्न गाउपालिका बाट आवश्यक पहल गरिने छ ।
- ✓ परिक्षा प्रणालिमा सुधार एस इइ परिक्षा केन्द्र पालिका भित्र नै गर्ने व्यवस्था गरिने छ ।
- ✓ Joint Monitoring and supervision in the community school of surnaya Rural Municipality कार्यक्रम मार्फत विषयगत रोष्टर (विषय विज्ञ शिक्षक) समूह निर्माण गरि सामुदायिक विद्यालयहरुका शिक्षकहरु शिक्षण सिकाईमा समन्वय र सहजीकरण गरिनेछ ।

सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को निति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ शैक्षिक सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन (IEIMS) सम्बन्धि विद्यालयका कम्प्युटर शिक्षक तथा प्र.अ. हरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- ✓ गाउँपालिकका निजि शिक्षकहरुको व्यवस्थापन गर्न यस गाउँपालिकाले निर्माण गरेका शिक्षक व्यवस्थापन कार्यविधि संशोधन गर्दै शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ संशोधन अनुसार व्यवस्थापन गरिनेछ । साथै पालिकाका निजि शिक्षहरुलाई अध्यापन अनुमति पत्र प्राप्तिका लागि एक चोटी मौका दिइनेछ ।
- ✓ पालिका तथा वडा स्तरमा युवा कल्व तथा युवा सन्जाल गठन पुर्नगठन गरि क्षमता अभिवृद्धि गरि सामाजिक तथा आर्थिक विकासमा लगाइनेछ ।
- ✓ सामुदायिक विद्यालयहरुमा योगा शिक्षाको प्रारम्भ गर्न एक विद्यालय एक योगा प्रशिक्षक निर्माण गरि विद्यार्थी र शिक्षकलाई आत्म अनुशासित राख्ने नीति अवलम्बन गरिनेछ ।
- ✓ गाउँपालिका शिक्षा समिति गठन गरि यस गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा देखिएका समस्याको वारेमा छलफल गरिनेछ । साथै दरवन्दी मिलान कार्यविधि २०७६ अनुसार विद्यार्थी संख्याको आधारमा मिलान गरिनेछ ।
- ✓ विद्यालयमा खेलकुदलाई प्रोत्साहन वालवालिका स्वास्थ्य सुधार भन्ने भावना जागृत गर्दै सामुदायिक विद्यालयहरुमा खेल सामग्री वितरण तथा खेलकुद शिक्षकको व्यवस्था गरिनेछ ।
- ✓ फलोक आईरन चक्की निरन्तरता दिदै वार्षिक अथवा अर्धवार्षिकमा समिक्षा गर्न पहल गरिनेछ ।
- ✓ प्रत्येक वार्डमा एक नमुना विद्यालयको स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ हरेक विद्यालयमा सिशु कक्षाको व्यवस्थापन गरिनेछ ।
- ✓ पालिका शिक्षकहरुको व्यवस्थापन गरिनेछ ।

### ख) स्वास्थ्य :

- ✓ संघिय सरकारको निती कार्यक्रम अनुसार यस गाउँ पालिकामा दश सैयाको अस्पताल निमार्णको लागी बिनियोजित बजेट कार्यान्यनमा ल्याईने छ । साथै रौलेश्वर स्वास्थ्य चौकीलाई प्राईमरी ट्रमा सेन्टरमा बिकास गरि सेवा प्रदान गरिने छ । टेलिमेडिसिन सचांलनको लागि पहल गरिने छ ।

- ✓ सुर्नया गाउँपालिकाका भित्र गर्भवती महिला ,अपाङ्ग, असाय जेष्ठ नागरिक र दुर्घटनामा परेका ब्यक्ती लाई यस जिल्ला भित्र र संघ माथतको डडेलधुरा अस्पताल सम्म निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने व्यवस्था मिलाइनेछ ।

- ✓ **"सुर्नया गाउँपालिकाको सान स्वास्थ सबल र समृद्व नागरिक हाम्रो पहिचान"** भन्ने नारा का साथ गाउँपालिका भरिका स्वास्थ संस्थाहरुबाट आधारभुत र गुणस्तरीय स्वास्थ सेवा प्रदान को व्यवस्था गरिने छ ।
- ✓ सबै स्वास्थ संस्थाहरुमा गर्भवती जाँच गर्नका लागी अल्ट्रासाउन्ड सेवा,घुम्ती शिबिर मार्फत प्रदान गरिने छ ।
- ✓ सरकारी तथा गैर सरकारी संघ संस्था हरु संग आबश्यक समन्वय गरि आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ ।
- ✓ अस्पताल ,स्वास्थ्य चौकी ,सुरक्षित प्रसुतिकेन्द्र, खोप तथा गाउघर क्लिनिकका लागी आबश्यक जमिनको ब्यबस्था गरी कमश मापदण्ड अनुसारका भवन ,आवास, फर्निचर, औजार उपकरण ,पानी

,बिजुली बैकल्पीक उर्जा र नियमित औषधी आपुर्ति गर्न आबश्यक व्यबस्था क्रमश गर्दै लगिने छ ।

- ✓ स्वास्थ्यकर्मी ,स्वास्थ्य व्यबस्थापन समिति ,महिला स्वास्थ्य स्वयंसेबिका हरुको क्षमता बिकासका लागी आबश्यक तालिम,प्रोत्साहनको व्यबस्था गरी गुणस्तरीय सेवा प्रदान गर्न दक्षतामा बृद्धि गरिने छ ।
- ✓ नेपाल सरकारले अघि सारेका अभियान हरु सफल रुपमा कार्यान्वयन गरिने छन जस अन्तरगत अगामी ५ बर्ष भित्रै बालमैत्री, पुर्ण संस्थागत सुत्केरी, नमुना स्वास्थ्य पालिकाको साथै कुपोषण मुक्त पालिका घोषणा गरिने छ । साथै कुपोषण न्युनिकरणको लागी बहुक्षेत्रिय पोषण योजना लाई निरन्तरता दिईने छ ।
- ✓ सहज स्वास्थ सेवाका लागि गरिब , निमुखा, बृद्ध, असाहय,एकल महिला टुहुरा बालबालिका लागि निशुल्क स्वास्थ संञ्चालन गर्न पहल गरिने छ ।
- ✓ नसर्ने रोग रोकथाम तथा द्घिघ रोगीहरुका लागी आवस्यक सेवा उपलब्ध गरिने छ ।
- ✓ स्वास्थ्य संस्थामा गर्भवति जाँच नगर्ने महिलाहरुको स्वास्थ्य संस्थामा पहुँच पुऱ्याउन घरदैलो कार्यक्रम संचालन थप प्रभावकारी वनाई **No more home delivery** अर्थात घरमा हुने सुत्केरीलाई शुन्यमा झार्न सुत्केरी महिला संग कोसेली कार्यक्रम, मोवाइल स्वास्थ्य कार्यक्रम लाई अझ व्यवस्थित गरि निरन्तरता दिइनेछ ।
- ✓ आयर्वेदिक उपचारकेन्द्र लाई प्रोत्साहन गरिने छ ।
- ✓ जेष्ठ नागरिक, अपाङ्गहरुको सामान्य स्वास्थ्य जाँच तथा उपचार, सुनौला हजार दिनका आमाहरुलाइ गर्भ जाँच, सुरक्षित प्रसुति सेवा,सुत्केरी जाँच,पोषण सम्वन्धी स्वास्थ्य शिक्षा तथा परामर्श दिन जनता केन्द्रित स्वास्थ्य सेवा कार्यक्रम कार्यान्वयन “**घर घरमा स्वास्थ्य सेवा**“ लाइ निरन्तरता दिइनेछ ।
- ✓ **“हामी स्वस्थ, हाम्रो पालिका स्वस्थ अभियान”** प्रत्येक समुदायमा स्वास्थ्य सेवाको पहुँच दिन सम्वन्धीत स्वास्थ्य चौकीवाट सामुदायमा मोवाइल स्वास्थ्यको अवधारण यस आ.व. वाट लागु गरिनेछ ।
- ✓ स्वास्थ्य परिवार सुपोसित बालवालिका पोषण मैत्री हाम्रो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।
- ✓ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सवलीकरण कार्यक्रम अवलम्बन गरिनेछ ।
- ✓ सबै नागरिकहरुलाई स्वास्थ्य विमा कार्यक्रमा आवद्ध गरिनेछ ।
- ✓ गुणस्तरिय स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरि निरन्तरता दिइनेछ ।
- ✓ फोहरमैला व्यवस्थापन अभियानमा जोड दिइनेछ ।
- ✓ किशोर किशोरी मैत्री पालिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ स्वास्थ्य आमा समुह सुदृढिकरण कार्यक्रम गरिनेछ ।
- ✓ रोग माहामारी व्यवस्थापन नियन्त्र, न्युनिकरणका उपायहरु अपनाइनेछ ।
- ✓ खानेपानी गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ जेष्ठ नागरिक अपाङ्ग, विपन्न, सुत्केरी स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ सामुदायिक महिला सास्थ्य स्वयम सेवीका प्रोत्साहन कार्यक्रम अवलम्बन गरिनेछ ।

सुर्नया गाउँपालिकाको गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ गुणस्तरिय  स्वास्थ्य  सेवा प्रवाहका लागि बर्थिङ सेन्टर सुधारका कार्यक्रम अवलम्बन गरिनेछ ।
- ✓ स्वास्थय चौकीहरुमा ल्यावको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ आखाँ स्वास्थय शिविरका लागि आवश्यक पहल गरिनेछ ।

### ग)बहुक्षेत्रीय पोषण कार्यक्रम

- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमबाट चार पटक गर्भ जाँच गरि स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिलाहरुलाई प्रोत्साहित गराईनेछ ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमबाट  सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारका लागि तरकारीको बिउँबिजन र पोषिलो सामग्री वितरया गरिनेछ ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमबाट कुपोषण भएका बच्चाका अभिभावकहरुलाई खोर व्यवस्थापन र कुखुरा वितरण गराईनेछ ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमबाट सुनौलो हजार दिनका आमाहरुलाई पानी सुद्धिकरणका लागि फिल्टर वितरण गराईनेछ ।
- ✓ पोषण स्वंयमशेवकलाई थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमबाट विद्यालय दिवा खाजाको अनुगमन गरि पोषिलो खानाको बारेमा अभिमुखिकरण गराईनेछ ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमबाट आमा समुहहरुलाई निरन्तरता दिनको लागि स्वंयमसेविकाहरुलाई प्रोत्साहनको व्यवस्था गराईनेछ ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमबाट आईरन फोलीकेशन र जुकाको औषधी खुवाउने शिक्षकलाइ प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- ✓ यस गाउँपालिकामा बहुक्षेत्रिय पोषण  कक्षा र सामग्री को व्यवस्था गरिनेछ

### घ) कला,पर्यटन तथा संस्कृती :

- ✓ ऐतिहासिक धार्मिक एवम् पर्यटकिय स्थल, शक्ति पिठको संरक्षण र प्रचार र प्रसारमा लाई निरन्तरतामा जोड दिइने छ ।
- ✓ पत्तालभुमेश्वर,रौलाकेदार,गोफाकेदार तथा गोपेश्वर धार्मिक ऐतिहासिक पर्यटकिय क्षेत्रलाई संरक्षणमा जोड दिइने छ  र यस धार्मिक ऐतिहासिक पर्यटकिय क्षेत्रलाइ ऐतिहासिक पर्यटकिय स्थलका रुपमा विकास गर्न गुरु योजना निर्माण गरिने छ ।
- ✓ पर्यटन उद्योगको विकास एवं प्रर्वधनका लागि आन्तरिक पर्यटन विकासलाई जोड दिइनेछ । पर्यटकीय व्यवसायको वजारीकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग तथा निजी क्षेत्रको सहकार्यमा सुरक्षित पर्यटन व्यवसायको व्यवस्थापन गरिनेछ ।
- ✓ पत्तालभुमेश्वर रौलाकेदार,गोफाकेदार मा आन्तरिक पर्यटक,तथा भक्तजनहरुको लागी बाटो तथा सडकको व्यवस्था गरीनेछ ।

### ङ) युवा तथा खेलकुद

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ युवा तथा खेलकुद लक्षित कार्यक्रमहरुलाई वडास्तरको सहयोगमा प्रवर्द्धन गरिनेछ । **"राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता"** अर्न्तगत **"स्वस्थ युवा सुर्नयाको खम्वा"** अभियान संचालन गर्न आवश्यक स्रोत थप उपलब्ध गराईनेछ ।
- ✓ युवा रोजगारि बढाउनका लागि मौरि पालन , बाख्रा पालन ,माछा पालन, हाउस वाईरिङ, डाईभिङ, आदि मार्फत रोजगारिमा आत्मा निभर गरिने छ ।
- ✓ छोटो अवधिका सिपमुलक तालिम सचांलन गर्न आवश्यक पहल गरिने छ ।
- ✓ युवाहरुलाई खेल प्रति अभिप्रेरित गर्न एक वडा एक खेल मैदान निर्माण गर्न पहल गरिने छ ।
- ✓ युवाहरुको बढ्दो खेल प्रतिको आर्कषक लाई मध्यनजर गरि बिभिन्न खेलकुद गतिबिधि संचालन गर्न पहल गरिनेछ ।
- ✓ युवाहरुको भबिष्य सुन्दर बनाउन उनिहरुलाई आय आर्जन र सामाजिक सेवाका कार्यमा संलग्न गराईनेछ । युवा दुर्व्यसनि बिरुद्धको सचेतना कार्यक्रम लागु औषध दुर्व्यसनि पुर्नःस्थापना केन्द्र स्थापनाका लागि सहकार्य गरिनेछ । साथै मादक पदार्थ , धुम्रपान, लागु औषध जस्ता दुर्व्यसन बाट बचाउन स्कुल, गैर सरकारी संस्था र क्लब हरु संग सहकार्य गरिनेछ ।
- ✓ वेरोजगारिका कारण देश भित्र र भारत तथा तेस्रो मुलकवाट यस गाउँपालिकामा भित्रिएका युवाहरुलाई सिपमूलक तालिम (ड्राईभिङ, हाउस वारिङ, कारपेन्टर , सिकर्मी , आदि) कार्यक्रम मार्फत रोजगारीमा आत्मनिर्भरता गरिनेछ ।
- ✓ विभिन्न तालिम लिएका व्यक्तिहरुको सिप पहिचान गरि सिप कार्डको व्यवस्था गर्ने , साथै सिपकार्ड भएका व्यक्तिहरुले मात्र निर्माण कार्य गर्न पाउने व्यवस्था गर्दै योजनाको गुणस्तर सुनिश्चित गरने नीतिको अवलम्वन गरिनेछ ।
- ✓ युवाहरुलाई खेलप्रति अभिप्रेरित गर्न अध्यक्षकप खेलकुद कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

### ङ) सहकारी :

- ✓ गाउँपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्शाहन गर्न विशेष निति अवलम्बन गरिने छ ।
- ✓ **"एक वडा एक सहकारी"** को निति लाइ अनिवार्य रुपमा कार्यान्यन गरिने छ र प्रतयेक वडामा सुफत मुल्यका पसल राखिने छन ।
- ✓ हरेक सहकारीको विकासका लागि आवश्यक नियमन तथा अनुगमन को ब्यवस्था गरिने छ ।
- ✓ यस गाउँपालिकामा साविकको गा.वि.स.मा रहेका **गरिबि निवारण कोष** को पुँजी एकिकृत गरि आय आर्जनमा लगाउन वडामा रहेका सहकारी अन्तरगत ल्याईने छ । सहकारीलाई गरिबि निवारण , रोजगारी सृजना र आर्थिक बृद्धि को मेरुदण्डको रुपमा बिकाश गरिनेछ ।
- ✓ कृषि तथा रोजगारी प्रर्वद्धन कार्यक्रममा सहकारी परिचालन गरि आर्थिक विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।

### च) महिला बालवालिका तथा जेष्ठ नागरिक :

- ✓ हिंसा पिडित महिलाका लागि हिंशा निवारण कोष स्थापना गरिनेछ । साथै Save House को लागि पहल गरिनेछ ।
- ✓ सामाजिक रुपान्तरणका लागि महिला पहिला भन्ने निति अवलम्बन गरिनेछ ।
- ✓ उपाध्यक्षको शान १००० दिने आमाको घर घुरीलाई सुरक्षित पानी अभियान सञ्चालन गरिनेछ ।
- ✓ उपाध्यक्ष महिला उद्यमशिलता कार्यक्रम सञ्चालन गरिनेछ ।

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ संस्थागत सुत्केरी गाउँपालिका बाल विवाह रहीत गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।
- ✓ महिला आत्मनिर्भर कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

### ❖ सुरक्षा तथा सुसासन :

- ✓ पालिका भित्र रहेको प्रहरी चौकि कार्यालय अन्तरर्गत रहेका सम्पुर्ण सुरक्षा निकाय लाई शान्ती सुरक्षा तथा सुसासन कायम गर्नको लागीको आवस्यक समुन्वय र सहजिकरण गरिनेछ ।
- ✓ न्यायिक समितीको क्षमता बिकासको लागी आवस्यक कार्यक्रम तय गरिने छ ।
- ✓ पालिका भित्र रहेका मदिरा व्यवसायिहरुलाई व्यवस्थित नियन्त्रित गर्दै ऐन कानुनको परिधिभित्र रहि नियमन गर्ने निति अवलम्ब गरिनेछ ।

### ❖ लक्षित वर्ग :

- ✓ राज्यको मुलधारमा नरहेका पछाडि परेका/पारिएका गरिव दलित, विपन्न तथा लक्षित वर्ग केन्द्रित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- ✓ महिलाहरुको ब्यात्कीगत आर्थिक सामाजिक राजनैतिक शैक्षिक सशत्तीकरण गरिने छ ।
- ✓ संघियताको यर्थात कायन्वयनका लागि संघियताको मर्म अनुरुप लक्षित वर्गहरुलाई प्रोत्साहन स्वरुप स्वरोजगार मुलक तथा सीप मुलक कार्यक्रमहरु संचालनमा ल्याइनेछन ।
- ✓ कवर्गका परिचयपत्र प्राप्त मुक्त हलियाहरुको सामुहिक बस्ती बसोवासको व्यवस्थाका लागि पहल गरिनेछ ।
- ✓ पालिका बाट मुक्त हलियाहरुको सामाजिक सशक्तिकरण, समावेशीकरण, शिप मुलक, आयमुलक, रोजगारमुलक कामका लागि आवश्यक प्रवन्ध गरिनेछ ।
- ✓ मुक्त हलिया तथा दलितका बालवालिकाहरुलाई उच्च शिक्षा र प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्रिको व्यवस्था गरिनेछ ।
- ✓ दलितहरु संग रहेको प्रम्परागत सिपहरुलाई आधुनिकिकरण गर्दै व्यवसायिकरणमा जोड दिइनेछ ।

### ❖ सामाजिक सुरक्षा

- ✓ सामाजिक सुरक्षा भत्ता लाई थप प्रभावकारी सेवा सहज बितरणको व्यवस्था मिलाईनेछ ।
- ✓ महिला हिंसा न्युनिकरण र लैङ्गीक बिभेदको अन्त्य गरिनेछ ।
- ✓ दलित तथा जनजाती समुदायको चौतर्फि विकासको लागि तिनीहरुको परम्परागत पेशा, सीप, कला, दक्षतालाई सुदृढिकरण गर्दै आधुनिकीकरण गर्ने नीति लिईने छ । मुक्त हलिया, भूमिहीन, विपन्न वर्ग, किसानलाई नेपाल सरकारले गरेको प्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थित गरि रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा आबद्ध गरिने छ ।
- ✓ महिला, बालबालिका, जेस्ठ नागरिक, अपांग, दलित लक्षित् कार्यक्रम संचालन गरि लैंगिक समानता तथा सामाजिक समाबेशिकरण र लैंगिक उत्तरदायी बजेटलाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- ✓ लैंगिक तथा महिला हिंसा, बालबिबाह, छाउपडी जस्ता सामाजिक हानिकारक प्रचलनहरु प्रति शुन्य सहनशीलताको नीति अख्तियार गरि सबै वडा बस्ति र गाउँ तहमा सामाजिक अभियानका साथै महिलाको लागि आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- ✓ लैगिक तथा महिला हिंसाबाट प्रभावितलाई न्यायमा पहुँच अभिबृधि गर्न महिला सुरक्षित् आवास गृहको संचालन र व्यवस्थापनमा सहयोग गरिनेछ ।
- ✓ महिला हिंसा पिडितहरुका लागि उपचार तथा राहत कोष स्थापना र परिचलान गरिनेछ ।
- ✓ बाल बिबाह अन्त्यका लागि बैतडी जिल्लाको रणनैतिक कार्ययोजना २०७४ लाई प्रभावकारी कार्यान्वयन गर्दै यस पलिकलाई बाल बिबाह मुक्त पालिका घोषणा गरिनेछ ।

सुर्नया गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

- ✓ महिलाहरुलाई सार्वजनिक सेवामा प्रवेशका लागि क्षमता विकास र उपयुक्त तालिम प्रदान गरिनेछ ।

## ४) वातावरण तथा विपद व्यवस्थापन :

### क) वन तथा भू-संरक्षण

- ✓ बढ्दो वन विनास तथा वन अतिक्रमण नियन्त्रण र भुसंरक्षणमा जोड दिइने छ ।
- ✓ वनमा आधारित उद्यम विकासमा जोड दिइने छ ।
- ✓ वन संरक्षणमा सवैको सहभागिता जुटाइनेछ साथ कृषि बन प्रणाली अवलम्बन गरिनेछ ।
- ✓ सामुदायीक वन उपभोक्ता समितीको क्षमता विकासमा जोड दिदै अझ बढी जिम्मेवार बनाईने छ ।
- ✓ **“हराभरा वन, सुर्नयाको धन”** अवधारणा विकास गरिने छ ।
- ✓
- ✓ सामुदायिक वन र कवुलियत वन व्यवस्थापनका लागि वन नीतिलाई परिमार्जन गरि जनसहभागीतालाई ध्यानमा राखि **वन संग हाम्रो नाता गहिरो छ** ग्रामीण जनताको संरक्षण र पहुच लाई सरल सुलभ वनाउने नीतिलाई निरन्तरता दिइने छ ।सामुदायिक वन, कवुलीयती वन तथा व्यवसायिक कवुलियती वनलाई प्रोत्साहित गरिनेछ ।
- ✓ जडिवुटिको संरक्षण, अध्ययन, अनुसन्धान, प्रविधिको विस्तार, हर्वल गार्डेन प्रोत्साहन नयाँ उद्योग स्थापना, व्यवसायीकरण एवं वजारिकरण गर्दै जडीवुटीको माध्यमबाट आय आर्जनमा वृद्धि गरिने नीति अवलम्बन गरिनेछ ।
- ✓ प्राकृतिक रुपमा रहेका सबै प्रकारका खानी तथा खनिज पदार्थको सम्भाव्यता अध्यन गरि आवश्यक कार्य अगाडी बढाइनेछ ।

### ❖ जलवायु परिवर्तन :

- ✓ जलवायु अनुकूलन कार्यक्रमलाई प्रोत्साहन गरिने छ । वातावरण एवं जौविक विविधताको संरक्षण, पहिरो नियन्त्रण र भू-क्षय नियन्त्रणका लागि आवश्यक अध्ययनका आधारमा कार्यक्रम संचालन गरिनेछ । साथै आइपर्ने जोखिम न्युनिकरण का लागि जनचेतना मुलक कार्यक्रमा संचालन गरिनेछन ।

### ❖ विपद् व्यवस्थापन :

- ✓ विपद व्यवस्थापन गाउँपालिका कार्य योजना निर्माण गरिने छ ।
- ✓ गाउँपालिकामा छुटै विपद व्यवस्थापन कोष स्थापना गरिने छ ।
- ✓ यस गाउँपालिका अन्तरगत रहेका रेडक्रस तथा अन्य संघसंस्था, समूह, र क्लवहरुलाई क्षमता अभिवृद्धि गर्न विषेश किसिमका कार्यक्रमहरु ल्याइनेछ ।

### ❖ जलउत्पन्न प्रकोप :

- ✓ सुर्नया गाउँपालिकाका विभिन्न नदि क्षेत्रमा रहेका खेति योग्य जमिनका साथै वस्ती, धार्मिक क्षेत्र , पर्यटकिय क्षेत्र हरु वर्षेनी वर्षायाममा उच्च जोखिममा रहने कुरालाई मध्यनजर गरि जल उत्पन्न प्रकोप नियन्त्रणका लागि प्रदेश सरकार , संघिय सरकार र गैर सरकारी संस्थाहरु को सहकार्यमा नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण का कार्यक्रमहरु संचालन गरिनेछन ।

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०७९/०८० को निति तथा कार्यक्रम

- ✓ सुर्नया गाउँपालिका भित्र रहेका नदि, खोला किनारहरुमा भुक्षय नियन्त्रणका लागि दिर्घकालीन उद्धेश्यका साथ सेभ सुर्नया बाँस मिसन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

**५) कानुनी मामिला इकाई :**

- ✓ प्रत्येक सुर्नया बासीहरुलाई स्वच्छ, निष्पक्ष र पारदर्शी ढँगको समानता कायम राख्दै न्याय निरुपण गरिनेछ ।
- ✓ प्रत्येक वडाहरुमा एक वडा एक मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
- ✓ सामाज भित्र लुकेर रहेका सबै प्रकारका विभेदहरुलाई न्यपूर्ण ढंगले समाधान गर्ने गरि कार्यक्रमहरु गरिनेछन् ।
- ✓ मेलमिलापकर्ताहरुको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- ✓ समाजमा विद्यमान कुसंस्कार, रुढीवादी प्रम्पराहरुलाई निष्तेज पार्ने गरि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

**६) सूचना प्रविधि तथा संञ्चार :**

- ✓ **"सवैका लागि सुचना र सञ्चार कार्यक्रम"** सुचना र संञ्चार कार्यक्रम अन्तरगत गाउँपालिका कार्यालयहरुमा तीब्र गतिको ईन्टरनेट सेवाको व्यवस्था गरिनेछ ।
- ✓ कार्यालय व्यवस्थापन सम्बन्धी सफ्टवेयर सञ्चालनमा ल्याई कार्यालयको सेवा लाई प्रत्येक वडामा बिस्तार गरि वडा तथा गाउँपालिका बाट दिईने सेवा लाई छिटो छरितो ढंगले प्रदान गरि गाउँपालिकालाई सुचना प्रावधिमैत्रि बनाउने नितिमा जोड दिईनेछ ।
- ✓ गाउँपालिकाको प्रत्येक शाखाहरुवाट र वडा कार्यालय बाट हुने सेवाप्रवाहलाई सूचना प्रविधिको उच्चतम प्रयोगलाई प्राथमिकतामा राखि कर्मचारीहरुलाई सूचनाप्रविधि तथा ICT सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
- ✓ विज्ञान प्रविधिमा पहुच अन्तरगत यस गाउँपालिका अन्तरगत रहेका सम्पूर्ण वडा तथा सरकारी कार्यालय, सामुदायिक विद्यालयहरुमा संचार तथा ईन्टरनेट सेवालाई बिस्तार गरिनेछ ।
- ✓ गाउँपालिकाका हरेक गतिविधिहरुलाई वइव साईडमा मार्फत सूचना सम्प्रेषण गरिने छ ।
- ✓ स्थानिय तह वस्तुस्थिति विवरण iLG profile लाई प्रत्येक वर्ष अद्यावधिक गर्ने व्यवस्था गरिनेछ ।
- ✓ सचांर आदान प्रदान गर्नका लागि मोबाईल सेवालाई स्तरोन्नति गरि प्रभावकारि बनाउन आवश्यक पहल गरिने छ ।
- ✓ डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

**७) उद्योग :**

- ✓ उद्यम विकाश तथा रोजगारी सिर्जना सम्बन्धी रणनितिक योजना तयार गरिनेछ ।
- ✓ उद्योग क्षेत्रको आवश्यक जनशक्ति विकाश र क्षमता अभिवृद्धि गरिनेछ ।
- ✓ महिलालाई उद्यमशिलता विकाश तथा स्थानीय स्तरको स्रोत साधनको सदुपयोग गरि व्यवसायिक उत्पादन बृद्धिमा जोड दिइनेछ ।
- ✓ एक स्थानिय तह एक औद्योगिक ग्राम अन्तर्गत औद्योगिकग्राम स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि वढाइनेछ ।
- ✓ गरिवि निवारणका लागि लघुउद्यम विकाश कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- ✓ शिप सिक्न इच्छुक पालिका वासिहरुलाई शिप प्रशिक्षण (नेपाली कागज, अगरबत्ती उद्योग, अल्लो प्रशोधन, साबुन उद्योग आदि) कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ पालिका क्षेत्रमा रहेका उद्योग तथा नयाँ उद्यमीहरुलाई प्राविधिक सहयोग, छुट, मिनाहा तथा आवश्यक सहुलियत कर्जा प्रवाहका लागि आवश्यक पहल गरिनेछ ।

सुर्नया गाउँपालिका गाँउ कार्यपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ लघुउद्यम व्यवसाय दर्ता निशुल्क गरिनेछ ।

**८) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण :**

- ✓ सुर्नया गाउँपालिका भरीका ८ वटै वडा कार्यालयमा अनलाईन घटना दर्ता सूचारु गरिनेछ ।
- ✓ वडा सचिवहरुलाई अनलाईन घटना दर्ता सम्बन्धी आवश्यक तालिम संचालन गरिनेछ ।
- ✓ प्रत्येक वडा कार्यालयहरुमा १ कलर प्रिन्टर र १ ल्यापटप खरिद गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।.
- ✓ सुर्नया गाउँपालिका भरिका साविकका गा.वि.स. बाट गरिएका अफलाईन घटना दर्ता किताबहरुलाई आ.व. २०७९।०८० को माघ मसान्त सम्ममा डिजिटलाइजेशन गरि गाउँपालिकालाई पूर्ण रुपमा डिजिटल बनाइनेछ ।
- ✓ सामाजिक सुरक्षा भत्तालाई त्रैमासिक व्यतित हुनुभन्दा १ हप्ता अगावै प्रत्येक वडा कार्यालयमा गई वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- ✓ प्रत्येक बर्ष घटना दर्ता सप्ताह अभियान संचालन गरिनेछ ।
- ✓ संचार सामग्री प्रसारण तथा छपाई कार्याक्रम संचालन गरिनेछ ।
- ✓ घटना दर्ता तथा सामजिक सुरक्षा दर्ता शिविर प्रत्येक वडा कार्यालयहरुमा संचालन गरिनेछ ।

**८) नवलेज बैंक (Knowledge Bank)**

- ✓ संसार भरि छरिएर रहेका सुर्नया मुल बासिहरुलाई उहाहरुको ज्ञान, सिप, पुजी र अनुभवलाई समृद्ध सुर्नया निर्माणका लागि लगानी गर्नका लागि समय समयमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सुझावहरु संकलन गर्न अन्तक्रियात्मक कार्यक्रम गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ सुर्नया गा.पा. मित्र रहेका विभिन्न क्षेत्रमा आफ्नो योग्दान पुऱ्याएका व्यक्तिहरुको अनुभव संकलन गरी अनुभव क्षमता योग्यताको उपयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- ✓ विभिन्न विधामा विशेषज्ञता हासिल गरेका व्यक्ति व्यक्तित्वहरु संग आवशयक सल्लाह, सुझाव, परामर्श लिई समृद्ध सुर्नया निर्माणका लागि पहल गरिनेछ ।

**८) संस्थागत विकास सेवा प्रभाव र सुशासन :**

- ✓ उपभोक्ता समितिले गर्ने कार्यमा रहेको संस्थागत र मिलोमतोमा हुने गरेको भ्रष्टाचारलाई न्यूनीकरण र नियन्त्रण गर्दै कडाईका साथ कानूनी दायरामा ल्याइनेछ ।
- ✓ वडास्तरका पदाधिकारी र कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धि गर्न जनप्रतिनिधि, कर्मचारीहरु संग समन्वय गरी आवश्यकताको आधारमा नीति तथा कार्यक्रम ल्याईने छ ।
- ✓ यस गाउँपालिकामा कार्यरत गै.स.स. हरुको नियमन अनुगमन गरी कार्यक्षमताको आधारमा प्रोत्साहन गरिने छ ।
- ✓ गाउँपालिकाको काम कार्वाहीलाई व्यवस्थि गर्न आवश्यक ऐन, नियमावली, कार्यविधि र निर्देशिका बनाइनेछ ।
- ✓ न्यायिक समिती लाई तालिम प्रदान गरिने छ ।
- ✓ आन्तरिक अनुशासन र क्षमता अनुसार जिम्मेवारी दिइनेछ ।

सुर्नया गाउँपालिका आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ कर्मचारीको क्षमता अभिबृद्धि र सेवा सुविधामा न्यायोचित पुरुस्कृत र दण्डीत गरिनेछ। यस गाउँपालिकामा स्थायी, अस्थायी र करार का कर्मचारीको सेवा निरन्तरता दिईने छ।
- ✓ कामको मुल्याङ्कनको आधारमा उत्कृष्ट वडा ,वडा अध्यक्ष, सभा सदस्य र कर्मचारी लाई विशेष पुरुस्कारको र प्रोत्सानको व्यवस्था गरिनेछ।
- ✓ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरिनेछ।
- ✓ सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवम्वन गरिनेछ।
- ✓ कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न क्षमता विकाश तालिमको व्यवस्था गरिनेछ।
- ✓ न्योचित कर प्रणाली लागु गरी आन्तरिक आय बृद्धि गरिनेछ।
- ✓ आम उपभोक्ताहरको सुविधालाई ध्यान दिई विद्युत महसुल भुक्तानी केन्द्र स्थापना गरी सरल तरिकाले विदुत महसुल बुझाउने व्यवस्था गरिनेछ।
- ✓ करारका कर्मचारीहरुको म्याद थप निरन्तरता दिइनेछ।
- ✓ सामाजिक सेवालाई चुस्त, दुरुस्त, जनमुखी परिणाममुखी र सेवाग्राही मैत्री बनाउन आवश्यक पहल कदमी गरिनेछ। पारदर्शीता, सूचनाको हक, विधिको शासन जनउत्तरदायित्व आदि सुनिश्चित गरी गाउँपालिका भित्र सुशासन कायम गर्न नागरिक वडापत्रको व्यवस्था सूचना सार्वजनिक, सार्वजनिक सुनवाई, सामाजिक परिक्षण आदिलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- ✓ पालिकाको केन्द्र विन्दुमा रहने गरि एक बैंक स्थापनाका लागि पहल गरिनेछ।

❖ **मितव्ययिता अपनाईने :**

- ✓ हाल अनावश्यक रुपमा भएका खर्च कटौति गरि (घर भाडा,इन्धन,भत्ता,मसलन्द) आदिमा मितव्यइता अप्नाईने छ।

❖ **पारदर्शीता अपनाइने :**

- ✓ नियम अनुसार गर्न पर्ने सार्वजनिक सुनुवाई समयमै गरी प्रत्येक वर्ष एक समिक्षा गर्न सर्वदलिय, सर्वपक्षिय भेला बोलाई गाउँपालिकाका गुनासाहरु सुनुवाई गरिनेछ।
- ✓ "जनता सँग प्रतिनिधि" कार्यक्रम गरिनेछ। प्रत्येक वडामा समय समयमा वडा वासीका समस्या सँग आपसी अन्तरक्रिया गरिनेछ। सो कार्यक्रम मा पत्रकार समेत उपस्थित गराई सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

सुर्नया गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

- ✓ सेवा प्रवाहका लागि आवश्यक पर्ने नयूनतम प्रशासनिक खर्चको लागि वडा तथा पालीकामा बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन उनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिनेछ ।

अन्त्यमा, सुर्नया गाउँपालिका को उल्लेखित नीति कार्यक्रमको परिधिभित्र रही आगामी आर्थिक वर्ष **२०७९।०८०** को लागि सीमित स्रोत र साधनका बाबजुद सुर्नया गाउँपालिका सरकारले अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम पेश गर्ने व्यहोरा यस कार्यक्रममा जानकारी गराउँदछु । सुर्नया गाउँपालिकाको आ.व. **२०७९।०८०** बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सहयोग पुर्याउनुहुने बिषेस गरी सुर्नया गाउँपालिका अध्यक्ष ज्यु, सुर्नया गाउँपालिका प्रमुख प्रसाशाकीय अधिकृत ज्यु, बिषयगत शाखा प्रमुख कार्यपालिका सदस्य, गाउँ सभाका सदस्य एवं स्थानीय वृद्धिजीवि, राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनितिक दल, विज्ञ समुदाय, संञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र गाउँपालिका आम नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यस सुर्नया गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्वद्ध सबै पक्ष वाट सकारात्मक सहयोगको अपेक्षा लिएको छु । साथै यस निति तथा कार्यक्रमलाई सफल पार्न सरोकारवाला सबै, राष्ट्रिय, अन्तराष्ट्रिय संघसंस्था, दातृ निकायहरु संग हातेमालो, सहकार्य र साझेदारी गर्दै अगाडि बढने निति अवलम्बन गरिनेछ ।

**धन्यवाद ।।।**

मञ्जु महरा बोहरा
उपाध्यक्ष
सुर्नया गाउँपालिका

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०७९/८० का नीति तथा कार्यक्रम

सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :

## आर्थिक वर्ष २०७९/८० का लागि अनुमानित बजेटको विश्लेषणात्मक विवरण ।

| सुर्नया गाउँपालिका गाउँ कार्यापालिकाको आ ब २०७९.०८० को बजेट अनुमान | | | | | |
|---|---|---|---|---|---|
| **क्र सं** | | **विविरण** | **रकम** | प्रतिशत | |
| **क) प्राप्त बजेट सिलिंग -आय अनुमान)** | | | | | |
| १ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | वित्तीय सामनिकरण -केन्द्रीय सरकार अनुदान ) | ९२२००००० | २१।३ | |
| २ | | वित्तीय सामनिकरण -प्रदेश सरकार अनुदान ) | ६२७९००० | १।५ | |
| ३ | | संघीय शसर्त चालु अनुदान | १९२८००००० | ४४।६ | |
| ४ | | संघीय शसर्त पुजीगत अनुदान | १०६००००० | २।४ | |
| ५ | | संघीय समपुरक अनुदान | ७६००००० | १।८ | |
| ६ | | संघीय बिशेष अनुदान | २०८००००० | ४।८ | |
| ७ | | प्रदेश समपुरक अनुदान | ३७००००० | ०।९ | |
| ८ | | प्रदेश बिशेष अनुदान | २५००००० | ०।६ | |
| ९ | **राजश्व** | राजश्व बांडफांड (संघिय ) | ८३८४२००० | १९।४ | |
| १० | | राजश्व बांडफांड (प्रदेश ) | १४१३००० | ०।३ | |
| ११ | | गाउँपालिकाको आन्तरिक राजश्व | ३००००००० | ०।७ | |
| १२ | | गाउँपालिकाको संचित खातामा मौज्दात | ८०००००० | १।८ | |
| | | जम्मा बजेट सिलिंग -क) | ४३२७३४००० | १००।० | |

सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम

**सुर्नया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को बार्षिक निति तथा कार्यक्रम :**

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम